# कपर्दार भोटु पाँडे

–ज्ञानमणि नेपाल

भारत र चीन विशाल दुई राज्यका बीचमा रहेको सानो नेपाल राज्य दुई ढुङ्गाको तरुल जस्तो छ। यसले आफ्नो परराष्ट्र नीति कुनै एकसंग विशेष संलग्न नभई सन्तुलन मिलाएर चलाउनु पर्छ र मात्र आफ्नो सार्वभौमसत्ता जोगाइराख्न सक्दछ भन्ने सिद्धान्त दुई सय वर्षभन्दा पहिल्यै श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट कायम गरिबक्सेको थियो। असंलग्नताको यो सिद्धान्त नेपालको लागि आज पनि झन् बढी उपयुक्त र उपादेय बनिरहेको छ। यी छिमेकी दुई देशसंग सम्बन्ध कहिल्यै पनि नबिग्रियोस् र आफ्नो देश असंलग्न परराष्ट्र नीति अवलम्बन गर्दै सार्वभौमसत्ता कायम गर्दै समृद्ध बनिरहोस् भन्ने उद्देश्यले आफूले थालेको एकीकरणको अभियानमा ज्यान दिएर लाग्ने भरपर्दा विश्वासिला भारदार कालु पाँडे र शिवराम सिंह बस्नेतका सन्तानलाई यी दुई ठूला देशका सन्धि विग्रहका कुरा हेर्ने काम सुम्पनु भन्ने उपदेश श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट बक्सेको थियो। त्यसै प्रसङ्गमा मौसूफबाट दरबारभित्रको भण्डारको रेखदेख गर्ने कपर्दारी काम कालु खड्काका सन्तानलाई नछुटाउनू पनि भनी बक्सेको थियो।

"कालु कवर्दारका सन्तानलाई कवर्दारी नछुटाउनु दषिनको घाहा शिवराम बस्न्यातका सन्तानलाई नछुटाउनु भोटको घाहा कालु पाँडेका सन्तानलाई नछुटाउनु[1]"

श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको यो उपदेश केही कालसम्म लागू रहे तापनि भीमसेन थापाको चकचकी चलेपछि पाँडे बस्नेत आदि छ थरी गोरखाली भारदारहरूको सन्तुलन मिलाई काम गर्ने परम्परा तोडियो र एकै वंशमा अधिकार कायम हुने प्रथाको श्रीगणेश भयो। बहादुर शाहको नायबीकालमा दरबारमा विश्वासिला र भरपर्दा भारदारमा पाँडेहरूकै चल्ती-फिर्ती थियो। कालु पाँडेका छोरा दामोदर पाँडे बहादुर शाहका अति विश्वस्त काजी थिए। भोट चीनतर्फको सन्धि विग्रहको काममा केही समयपछिसम्म पनि पाँडेहरूकै प्रमुखता देखिएको छ। श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट कालु खड्काका सन्तानलाई कपर्दारी मान नछुटाउनू भनी बक्सेको थियो तापनि मौसूफको शेखपछि कालु खड्का र उनका छोरा राघव सिंह खड्काले मात्र यो कपर्दारी मान पाएको देखिन्छ। वि. सं. १८४४ सम्म राघवसिंह खड्का कपर्दार थिए।[2] यसपछि बहादुर शाहले खड्का वंशबाट झिकी यो कपर्दारी खान्की पाँडे वंशकै विश्वासिला भारदार तुलाराम पाँडेका छोरा

भोटु पाँडेलाई दिए । यसपछि धेरै कालसम्म भोटु पाँडे नै कपर्दार भई कामकाज चलाई आएका देखिन्छन् ।

त्यस बेला राज्यका विशिष्ट विभागमा था-थरसार न्याय कटक अर्थात् सन्धि विग्रह (लडाईंभिडाईं) शान्ति सुव्यवस्था र न्याय निसाफ पर्दथे । यी विभाग सह्माल्ने काजी हुन्थे । नगदी ढिकुटीको रेखदेख गर्ने खजाञ्ची (कोषाध्यक्ष) कहिन्थे भने जिन्सी मालताल भण्डारको कारोबार सह्माल्ने कपर्दार (महाकोषाध्यक्ष) भनिन्थे । वि. सं. १८५६ मा राखिएका विभिन्न ताम्रपत्रमा साक्षी बस्ने चौतरिया काजीहरूका हारमा कपर्दार भोटु पाँडे खजाञ्ची श्यामलाल उपाध्याय टक्सारी (स्वर्ण रौप्यमुद्राधिकारस्य) भीम खवास रहेका छन् ।[3] यी तीनै पद नगद जिन्सी मालसामानको रेखदेख गर्ने राखन धरन गर्ने अधिकारीका हुन् । यिनको अधिकारको विभाजन गरिएको हुन्थ्यो । तिनमा हामीलाई चासो परेको कपर्दारी पदको अधिकार कति थियो भन्ने सम्बन्ध-मा मात्र यहाँ विचार गरिन्छ । कपर्दार कालु खड्काका छोरा राघवसिंह खड्का वि. सं. १८४४ मा कपर्दार थिए । पछि यो पद भोटु पाँडेले पाए ।

## कपर्दारको अधिकार

दरबारका अधीन रहेका देशभरिका खेतको आम्दानी उठ्तीपुठ्ती बुझिलिने, हिटीचोक कोटभण्डार गोठ बारुदखाना सोरामहालमा परपजनी गर्ने, फारख दिने काम कपर्दारको हुन्थ्यो । मुलुकभरिका खेतको आम्दानी आयस्ता भण्डारमा दाखिला गरी दरबारका केटाकेटी र अरू गोठ खेतका गोठाला खेतालाहरूलाई सिधा सामल बाँड्ने, हिटीचोक कोटभण्डारबाट हिसाबले खर्च गर्ने काम पनि कपर्दारले गर्दथे । दरबारबाट दिनु पर्ने अनाथ बालक अभ्यागतहरूलाई आफ्ना तजबीजले १ मुरीसम्म अन्न दिने अधिकार यिनको हुन्थ्यो, दरबार साधेर यसभन्दा बढी पनि दिन सक्तथे र धर्मकर्म पाठ पूजा होम आदि कार्यमा खर्च गर्नु पर्दा हिटीचोक मार्फत् दिन्थे, धार्मिक कार्य अट्काउनु नहुने हुनाले आदेश विना पनि आफ्ना तजबीजले खर्च दिने अधिकार यिनको थियो । घीउ खानीबाट र पराल बेचेर आएको आम्दानी-ले चाँदीका भाँडावर्तन बनाउने काम पनि कपर्दारले गर्दथे । बारुदखानामा काम गर्ने कामदारलाई रुजु काममा ल्याउने र यिनको पजनी गर्ने सोरा बारुद गन्धकको जगेडा गर्ने काम पनि यिनले राम्ररी गर्नु पर्दथ्यो । मधेशका सोरा महालमा जतिसक्यो धेरै सोरा जम्मा गरी राख्ने काम पनि यिनै तदारुखताका साथ गर्दथे, गाई भैंसी भेडा बाख्राका गोठको रेखदेख गर्ने ठूलठूला गोठलाई छुट्याई साना साना पार्ने, धरै स-साना गोठलाई एकट्ठा गरी ठूला पार्ने तीन वहर दिएर एक कोरली गाई साट्ने र ३ वर्ष उँभोका जति रांगा दरबार पठाउने काम पनि कपर्दारकै तजवीजले हुन्थ्यो । खेतमा दैवी परी बाली विमाख भएमा जाँचीबुझी बाली मिनाहा दिने कर्मी सिकर्मी लोहार सुनार चुनार सुचीकार ताम्रकार धोबी कुसले आदि कामदारलाई काम लाउने, तनखा दिने, कामकाजमा रुजु राख्ने काम पनि कपर्दारकै थियो । यस बाहेक मुलुकभरिका सिसाखानीबाट दैदस्तुर र काछो (सिसाखानीमा लागेको कर) बापत आउने सिसा दरबार दाखिल गर्ने दरबार साधेर बेच्नुपर्ने जति बेच्ने काम पनि कपर्दारले नै गर्दथे । दरबारभित्र चाहिने जति पोसाकको र बाहिर सिरोपाउ दिन जति पोसाकको कपडा सिलाउने छेकाउने सबै अधिकार कपर्दारकै थियो, दशैंमा र फागुमा बाँड्नु पर्ने कपडा पनि यिनै बाँड्दथे ।[4] मुख्य गरेर कपडा पोसाकको प्रबन्ध गर्ने कपडा बाँड्ने हुनाले नै कपर्दार शब्द रुढ हुन आएको देखिन्छ ।

भोटु पाँडेले उपर्युक्त अधिकारका साथ कपर्दारी खान्की पाएका थिए । यस पदमा रही यिनले वफादारी साथ काम गरेका थिए र धेरै धर्म कीर्तिहरू पनि गरेका थिए । तिनमा हामीले थाहा पाए जतिको मात्र यहाँ उल्लेख गरिन्छ । यस अतिरिक्त कति सन्धि विग्रहको काममा राजकाजमा पनि यिनी खटिन्थे । वि. सं. १८४९ को नेपाल–चीन युद्ध हुँदा चिनियाँ सेनापति टुङ थ्वाङ-संग मेलमिलापका लागि रणजित पाँडे नरसिंह गुरुङहरू साथ यी पनि खटिएर गएका थिए । कुरो नमिलुन्जेल यिनीहरू चिनियाँको शिविरमा रोकिएर रहे ।[5] पछि वेत्रावतीको अन्तिम युद्धमा पराजय पाएपछि टुङ थ्वाङ

घा गर्न राजी भए । त्यस बेला चिनियाँ सेनापतिसंग तोयोफोयो मिलाउन सकेको श्रेय यिनी दुई भाइले पाएका थिए र यहाँ आएपछि श्री ५ बाट यिनले साढे चार-साढे चार हातका दुई हात्ती बकस पनि पाएका थिए ।[6] दुई वर्षपछि नरसिंह गुरुङ्गले काजी मान पाएर वि. सं. १८५२ मा चीन जाने प्रतिनिधिमण्डलको नेतृत्व पनि गरेका थिए । भोटु पाँडे भने एक टङ्कारसंग त्यसै पदमा बहाल रहे । वि. सं. १८७५ सम्म अनेकौं धर्मकीर्ति गर्दै यिनी जीवित रहेका देखिन्छन् ।

भोटु पाँडे भित्रीकोट भण्डारको रेखदेख गर्ने धार्मिक कार्यको खर्चबर्च दिने पनि हुँदा र आफू पनि धार्मिक प्रकृतिकै हुँदा दरबारभित्रको प्रयोगमा ल्याइने र पूजाका भाँडावर्तनमा यिनको नाम अङ्कित गरिएको पनि पाइन्छ । विशेष गरेर गोरखा दरबारको दशैं घरको पूजाकोठामा चढाएका भाँडावर्तनमा यिनको नाम कुँदिएको देखिन्छ । जस्तै- वि. सं. १८५० मा गोरखा दरबारमा थाल चढाए । वि. सं. १८५४ मा दशैंमा कन्या भोजनको लागि थाल र शुचिका लागि आवश्यक कोपरा पनि चढाएका थिए । वि. सं. १८५९ मा गोरखा दरबारमै दशैं घरमा राँगो काट्ने ठाउँमा नैवेद्य राख्ने थाली र त्यसै साल एक छडी पनि यिनले चढाएको देखिन्छ ।[7]

वि. सं. १८५५ को जनै पूर्णिमाको भोलिपल्ट परेवाको दिन अर्थात् गाइजात्रामा आफैले गुठी राखेको गौचरको नून थलामा गाइगोरुलाई गहुँ खुवाउन र नून चढाउन भनी भोटु पाँडेले सरकार साधी गुठी राखेका थिए ।[8] त्यसै साल श्री ५ रणबहादुर शाहले गीर्वाणयुद्ध विक्रम शाहलाई गादी सुम्पँदा गराएको धर्मपत्रमा सही गर्ने भारदारमा यिनको पनि नाम पाइन्छ ।

भोटु पाँडे धार्मिक प्रकृतिका मानिस त छँदै थिए, यस अतिरिक्त राजभक्त देशभक्त पनि त्यत्तिकै थिए । वि.सं.१८६३ मा नेपालमा एक ठूलो अनिष्टकारी घटना घट्यो । रणबहादुर शाह आफ्नै भाइका हातबाट मारिए, यसै काण्डमा धेरै भारदारका साथ उनका दुवै भाइ पनि मारिए । हेलम्बुमा निर्वासित भएर दु:खी जीवन बिताइरहेकी महारानी राजराजेश्वरी पनि सती जान बाध्य भइन् । यस पर्वपछि नेपालमा राजपरिवार र अरू भारदारहरूको पनि शक्ति कमजोर हुँदै आयो, भीमसेन थापाको र उनका भाइबन्धुको भने शक्ति राम्ररी प्रतिस्थापित भयो । रणबहादुर शाहका दुई भाइका र अरू भारदारहरूका अनिष्ट मृत्यु, महारानी राजराजेश्वरीको कारुणिक सती गमनलाई पनि टुलुटुलु हेरिरहेका सम्पूर्ण रैति र भारदारहरूको हृदय पनि भित्रभित्रै रोइरहेको थियो । यस कारुणिक दृश्य देखिरहेका धर्मात्मा भोटु पाँडेको हृदय पनि राजारानीको भक्ति र शोकले द्रवीभूत भएको थियो । यसैको फलस्वरूप राजा-रानी परलोकवासी बनेको ६ महीना नबित्दै भोटु पाँडेले रणबहादुरशाहको सालिक बनाई पशुपतिनाथको दक्षिण ढोकानेर स्थापना गरी त्यसको पादपीठमा अभिलेख कुँदाई पतिव्रता महारानी राजराजेश्वरीको प्रशंसा गरेका छन् ।[9] जीवित अवस्थामा राजकाजी दाउपेचले गर्दा पति प्रेमबाट अलगिएर भोटे गाउँ हेलम्बुमा निर्वासित भएकी लामा गुरु थापी माला घुमाई हरदम जप गरिरहेकी पतिको वध उप्रान्त पनि भारदारका पेचले राजसिंहासनमा बसेका बालक छोरा राजाको मुखसम्म हेर्न नपाई पतिको चितामा चढेकी महारानी राजराजेश्वरीप्रति सबैको सहानुभूति हुनु स्वाभाविकै थियो । यस सालिकका अभिलेखले यही सहानुभूतिका शब्दलाई सजीवता दिई प्रकट गरिरहेको छ ।

यसपछि यस सालिकको सुरक्षाका लागि भोटु पाँडेले लुभु सेराको १५० रोपनी अर्थात् ६०० मुरी माटाका ६ खेत गुठी पनि राखिदिए ।[10] यस घटनाबाट भोटु पाँडेको हृदय धर्ममा राजारानीको भक्तिमा कति आकृष्ट भएको थियो भन्ने कुरा स्पष्ट हुन्छ । भोटु पाँडेले राखेको सो सालिकमा कुँदिएको श्लोकले उपर्युक्त कारुणिक कुरा नै व्यक्त गर्दछ । सो यस प्रकार छ–

वर्षे वन्हिरसैभजेन्द्र धरणीसंख्यामिते माधवे
मासे देवगुरौ षडाननतिथौ पक्षे सिते सत्वरं ।
साध्वी शंभुसरित्तटे रणबहादुरेण भर्त्रा समं
त्यक्त्वा देहमगात् गिरीशपदवीं श्रीराजराजेश्वरी ।।

सम्वत् १८६३ साल आश्विन शुदि १३ रोजमा यो सालिक श्री कपर्दार भोटु पाँडेले बनाई चह्लायाको हो । सुभम् ।

वि. सं. १८६३ शुदि ६ बिहीवारका दिन हुड-बड़ाउँदै वागमतीको किनारमा आई आफ्ना स्वामी श्री रणबहादुर शाहका साथमा सती गएर देह छाडी पतिव्रता महारानी राजराजेश्वरी देवी शिवपुरीमा प्राप्त भइन् ।

यो सालिक स्थापना गरेको महीना नबित्दै कार्तिक शुदि पूर्णिमामा पुनः भोटु पाँडेले आफ्ना छोरा सहित भएर पशुपतिनाथको दक्षिण ढोकानेर रहेको धर्म-शिलाको जीर्णोद्धार गरी नयाँ बनाइदिए ।[11]

यी बाहेक धर्मातमा दयालु कपर्दार भोटु पाँडेले आफ्नो जीवनको अन्तिम भागमा गरेका धार्मिक कार्यमा काठमाडौं शहरबाट स्वयम्भू जाने बाटोमा पर्ने विष्णुमती-का पुलको जीर्णोद्धार पश्चिम पहाडतिरबाट आउने बाटोमा पर्ने सोन्हखुट्टे पाटीमा धर्मशाला बनाएर त्यता-पट्टिबाट आउने यात्रुको लागि सदावर्त र तुलस्याहीमा मन्दिर अर्को सदावर्तको स्थापना, नरदेवी मन्दिरको जीर्णोद्धार देवीको पूजाजात्रा गुठीको प्रबन्ध आदि प्रमुख थिए।

वि. सं. १८४६ मा नेपाल–चीन युद्ध हुँदा यहाँ आएका प्रतिनिधि चिनियाँ र भोटे काजी थुनिएर रहेका थिए। युद्ध चर्कदै गएका बेलामा रोकिएका आफ्ना मानिस छुटाउने उद्देश्यले टुङथ्वाङले सलुक गर्ने प्रस्ताव गरी पत्र पठाए। यताबाट पनि नेपाल सरकारले सलुक गर्ने ध्येयले चीनी भोटे काजी साथ लाएर काजी रणजित पाँडे, कपर्दार भोटु पाँडे, टक्सारी नरसिंह गुरुङ्ग, राम-दास पन्त र बलभद्र खवासहरूलाई पठायो। त्यसपछि कुरा फेरेर चिनिया वजीर टुङथ्वाङले रणजित पाँडे र बलभद्र खवासलाई मात्र यता पठाइदिए, अरूलाई उहीं रोकिराखे। यस अवस्थामा थुनछेकमा परेका भोटु पाँडेले आफू विपदबाट छुटकारा पाउने आशयले होला, आफ्नो घर भएको इन्द्र टोलनेरकी इन्द्रेश्वरी नरदेवीको पूजा गर्ने मन्दिरको जीर्णोद्धार गर्ने गुठी राख्ने जात्रा गर्ने के के भाकल गरेका थिए। छुटेर आएपछि त्यही भाकल पूरा गर्न उनले नरदेवी स्थानमा चाँदीका पूजा भाँडा चढाए, पछि फेरि मन्दिरको जीर्णोद्धार गरी छाना थपी सुवर्णले लेपित पनि गरे। देवीको बलि पूजा जात्रा आदि चलाउन धेरै खेत बारी गुठी राखी आफ्ना टोलेहरूलाई गुठियार नियुक्त गरेका थिए।[12]

भोटु पाँडेले धर्मशाला धारा बनाउने, पोखरी खनाउने काम पनि गरेका थिए। आफूले बनाएको धारा पोखरीको लागि गुठी पनि राखेका थिए। श्री ५ गीर्वाण-युद्ध विक्रमलाई साधेर पाएको विर्ता जग्गा ७ रोपनीमा पोखरी र १० रोपनी खेत गुठी राखी वि. सं. १८६४ मा अभिलेख स्थापना गरेका थिए।[13]

भोटु पाँडेले गाईवस्तुलाई चरनको लागि गौचर राखेको, गाई–गोरुलाई नून, गहुँ खुवाउन भनी जग्गा, गुठी राखेको चर्चा हामीले माथि गर्यौं, यस अति-रिक्त पशुपतिका आसपासका जङ्गलका बाँदरलाई मकै खुवाउन भनेर पनि रानीवननेरको पाखो, बारी र जग्गा गुठी राखेका थिए। त्यस जग्गाबाट २१ मुरी १२ पाथी मकै आयस्ता आउँथ्यो। त्यस आयस्ताबाट प्रतिदिन पशुपतिका बाँदरलाई ४ माना, गुह्येश्वरीका बाँदरलाई ३ माना र गोरखनाथका मृगस्थलीका बाँदरलाई १ माना का दरले गुठियारमार्फत बाँडिदिने व्यवस्था पनि बाँडि-दिएका थिए।[14]

यसरी भोटु पाँडेले घर पालुवा गाईवस्तु र वनैया बाँदर-लाई मात्र सदावर्त लाएका थिएनन्, अपितु टाढा टाढाबाट पश्चिम पहाडतिरबाट आउने यात्रुहरू र जोगी जंगमहरूको लागि बास बस्ने पाटी र भोजनको लागि सदावर्त लाउने व्यवस्था पनि गरिदिएका थिए। यो एक धर्मशाला सदा-वर्त आफ्नो घरबास भएको नरदेवीको इन्द्र टोल नजीकै पश्चिमतर्फबाट शहर पस्ने ढोकानेर सोन्हखुट्टे पाटीमा थियो। अर्को धर्मशाला र सदावर्त महोत्तरी जिल्लामा मटिहानी मठ नजीकै तुलस्याहीमा पनि थियो। तुलस्याही-मा त यिनले एउटा ठूलो लक्ष्मीनारायणको मन्दिर पनि बनाएका थिए। तुलस्याही भन्ने स्थान मटिहानीको एक कोश पूर्वपट्टि नेपाल–भारत सीमा नेरैको ठूलो फाँटमा अवस्थित छ। लक्ष्मीनारायणको मन्दिर धर्मशाला बगैंचा, जलाशय आदिको निर्माण गरी आउने यात्री, जोगी जङ्गमहरूलाई सदावर्त गाई भोजन गराई भोटु पाँडेले आफ्नो र आफ्ना बाबु बाजेको पुण्य बढाएका थिए। यसको लागि उनले महोत्तरीको यही तुलस्याहीको आस–पासमा धेरै विघा जग्गा गुठी राखेका थिए। यही मधेश

जग्गाको आयस्ताले काठमाडौंको र तुलस्याहीको लक्ष्मी-नारायण स्थानको पूजाआजा, सदावर्त पनि चल्दथ्यो। दुबैतर्फको सदावर्त चलाई लक्ष्मीनारायणको पूजा गरेर पुजारीलाई खान्की दिएर बाँकी रहेको आयस्ता आफ्ना छोरा गजदल पाँडेले खानू भन्ने व्यहोरा उक्त शिलालेखमा लेखिएकोले उनका वंशजले अहिलेसम्म नै सो तुलस्याही मन्दिरको पूजा चलाई आयस्ताको उपभोग गर्दै आएका छन्। तुलस्याहीमा राखिएको एक ठूलो शिलालेख त्यहींका मन्दिरका घण्टाका अभिलेखले पनि भोटु पाँडेका कीर्तिलाई अमर गराइरहेछन्।[15]

**टिप्पणी**

१) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको उपदेशबाट।
२) धनबज्र बज्राचार्य समेत सम्पादित शाहकालका अभिलेख, पृ. १७२–१७३।
३) उही, पृ. २७४, २७८, २८२, २८६, २९०, २९४, २९९ र ३०२।
४) नरहरिनाथ सम्पादित इतिहास प्रकाश, पृ. १५०।
५) धनबज्र, ज्ञानमणि—ऐतिहासिक पत्र संग्रह, पृ. ५९।
६) यही तल परिशिष्टमा प्रकाशित पत्र द्रष्टव्य।
७) शाहकालका अभिलेख, पृ. २१९, २३४, ३५०, ३७२।
८) उही, पृ. २३९।
९) संस्कृतसन्देश, वर्ष १, अङ्क ६, पृ. १८।
१०) शा. अभि., पृ. ४३४।
११) उही, पृ. ४३२।
१२) उही, पृ. ३६६—७०।
१३) उही, पृ. ४४७—४८।
१४) उही, पृ. ४५९—६०।
१५) यही तल परिशिष्टमा प्रकाशित अभिलेख द्रष्टव्य।

## परिशिष्ट

१

(प्रशस्ति)

आगे दारोगा महादेउ पाध्या दामोदर जैसी मधु षवास जोरावर षवास अभैंसि षवास प्रति जाषीआ षोला षेदा हाती मध्ये भोटु पांडे नरसिंह टकसारीके चीनीयासीत षाई गरि आम्राको सीरोपाव हाती बुढ २ हात नवो ९ तनुषाह गरि बक्स्यौं वमोजीम तपसील भरीदेउ. वही बुझदा मोजरा पर्ला......

तपसील

भोटु पांडेके हाती १ हात ४।।
नरसिंह टकसारिके हाती १ हात ४।।
इती सम्वत् १८४९ साल फागुन वदी ६ रोज ७ शुभम्

१२/१६०

(यो पत्र जगमान गुरुङ्को नेपालको एकीकरणमा गुरुङहरूको भूमिका, पृ. १३१ मा पनि प्रकाशित छ।)

२

(प्रशस्ति)

आगे टकसारि नरसिंहप्रति पाढनका श्रीदेगुलतलेको छानामा सुन थपनाकन बेस पन्नाढार सुना तोला ३२ दर १७ रुपैयाको सुन भोटु पाडे कपर्दार मार्फत भरीदेउं टकसारको वहि बुझदा मोजरा पर्ला इती सम्वत् १८५० साल मिती वैसाक वदि १० रोज

२९।१८०

३

महोत्तरी मटिहानीनेर तुलस्याहीको नारायण मन्दिरको भोटु पाँडेको अभिलेख

(चन्द्र)                    (सूर्य)

(गरुडनारायण)

श्रीरामज्यू ६          श्री पंचायेत देवता

१ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि विविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज—
२ श्रीश्रीश्रीमहाराजे गीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेरजङ्गदेवानाम् सदा समरविजयिनाम्—आगे कपर्दार भोटु पाडे
३ के तैंले आपना बाबु बराज्युको नाउमा पकनाजोलमा धर्म्मसाला बनायाको सदावर्त राषनानिमित्य जिल्लै महुतरि प्रगन्ना कौरा
४ डिमध्ये माधो साहिले कालाबंजर बसायाका एकसट्ठि सालमा कपर्दारि षानगिमा पर्याको मौजे बहेडा गैन्ह असलि दायलि ससि—

५ मको मेडबन्दी मोफसलका अमला शुब्बा नैनसि डिठा शुवा गजसि फौजदार धर्म्मसि भडारि श्रीकृश्न चौभान फौजदार रमानन्द पाध्या

६ मोनसिफ मोहर चौधरि गंगाराम चौधरि पेस्कार लालसिदास मोहनदास नायेब पेस्कार धर्मपतिदास नारायणदत्तदासका चौधरि लालदास तजधा (?)

७ चौधरि चूडामणिदास कानुगोए तोतिरामदास जैवार महंत वनमालिदास रघुनाथ राये जेठरैयति प्रगंन्ना महुतरि चौधरि बुधसेनदास हिर्द

८ सिदास प्रगन्ना षेसराहा कानुगोये लेषनारायणदत्त प्रगन्नामहुतरि लाला बैजुलाल सिमानदार वाकिफ-कार पिथि राउतहरूले ग—

९ न्यावमोजीम तस्को साध उत्तरका सिमाना बुढज मुनि सतबेधाका पछवारि कान्हीपर सिमरका गाछ छोटा तिस्का पश्चिम येक

१० र सिपर पिगरका गाछ तिस्का उत्तर चार डेगपर किलाकोइला १ तिससौ पश्चिम धनहर चौरिका पश्चिमदक्षिण उत्तर दछि.

११ न नांसिछोटा तिस्का पछुवारि काध्रिपर किला कोइला १ तिस्सौ पश्चिम जीमडका गाछतर किला कोइला १ तिस्सौ पश्चिम कुकु

१२ र धरि पोखरिका दक्षिण धुरपूर्व पश्चिमे धुरका पछवारि मुहुडा कोइलाकिला १ किलाकोईलासौ उत्तरे दछिने धुर धुरका उत्तर

१३ वारि मुहगपर किलाकोइला १ किलाकोईलासौ पश्चीममुर्ह धुर धुरसौ पश्चिम पोषरिको दछिन-वारि भिडासौ पश्चिम

१४ जिमडाका गाछ तिस्सौ पश्चिम डौंडिका पछवारि कांध्रिपर किलाकोइला १ तिस्सौ पश्चिम सोझ दोश्रा डोंडिका पुवारि

१५ काधितक तिस्सौ उत्तर मार्धा साहिका जिराति डोंडिको उत्तर वारि आरितक तिस्सौं दक्षिण नया भिडक पुवारिकात कि—

१६ लाकोईला १ किलाकोईलासौ पश्चिम षलहद्दिडिहका पूर्व डोंडाका पुर्वारि काध्रिपर कोईलाकिला १ किला कोई

१७ लासौं उत्तर घाघरि दाषिल डोंडा तिस्का पुरवारि किलाकोइला १ तिस्सौ पश्चिम घार्घरि दाषिल बिगहि नदि पछ

१८ वारि सिमात(क) बिगहि नदि दछिनका सिमान विमहिजमुनिका दोमुहानसौ उत्तर तिस्सौ पूर्ब जमुनी नदिसौ सामि

१९ ल सतवेधाका वुढ जमुनिका दोमोहानतक तिस्सौ उत्तर पहिला किलाकोइला सतबंधा बुढजमनिका

२० पछवारि काध्रिपर छोटासिमरको गाछ तिस्का पश्चिम पिडारको गाछका उत्तर चार डेगपर को

२१ ईलाकिलातक हदमहद येति सिमानभित्रको जगाको तम्वापत्र मोहर गरिबक्स्या यो जगा

२२ को उत्पन्नले सदावर्त्त चलाउनु यो सदावर्त्त यो षंडित् गर्नामा पस्ला हिंदु भया गाइ मान्याको पाप मुस

२३ लमान भया हराम षाया मान्याको पाप लागला जस्ले यो जगा सदावर्त्त थामनामा पस्ला तसलाई श्रीपश्वायन

२४ देवताका सुद्रिष्टि होला

स्वदत्तां परदत्तां च यो हरेच्च वसुंधराम्
षष्ठिवर्ष सहस्राणि विष्ठायां जायते क्रि

२५ मि. इति सम्वत् १८६२ साल मिति चैत्र शुदि १ रोज ६ शुभम्

२६ मोहरमा मार्फत रह्याको मार्फत प्राणसाह
मार्फत रणद्योत साह मार्फत सेरबहादुर साह

२७ मार्फत रणजित पाडे मार्फत भिमसेन थापा
मार्फत दलभंजन पाडे मार्फत रणध्वज थापा

२८ मार्फत बहादुर भण्डारि मार्फत बालनरसिंह कुवर
मार्फत नरसिं मार्फत उदैं गीरि शु

२९ भम्=

३० यँस जगाका उत्पंनले पकनाजोलमा धर्मसालाको सदावर्त्त र तुलस्याहिमा स्थापना

३१ गन्याको स्वामिनारायणका थानमा सदावर्त चलाई अैजन देवताको नीत्ये नैमित्ति—

३२ क पूजाको सराजाम कत्तितक (न)घटाई पुजा गर्नु पुजाहारिको षानगि पनि सालिन्ना

३३ क (त्ति) नघटाई दिनु येति षर्च गरि सेक दाकि रह्याको गज दल पांडेले षानु भनि बंदे
३४ (ज बांधी) राष्यौं — — —

(यो अभिलेख मटिहानी मठदेखि सोझै १ कोश जति पूर्वपट्टि नेपाल–भारत सिमाना नजीकै तुलस्याहीमा भोटु पाँडेले स्थापना गरेका नारायण मन्दिरको प्राङ्गणमा अवस्थित छ। यो अभिलेखको उतार मैले जनकपुर जलेश्वर मटिहानीका अभिलेख उतारेर ल्याउने प्रसङ्गमा जाँदा पाएको हुँ। यसको उतार लिंदा मेरा साथ जाने पुण्यप्रसाद घिमिरेले सहयोग गरेका थिए।)

(अभिलेखको शिरमा चन्द्र, सूर्य र माझमा नारायणको चित्र कोरिएको छ। अभिलेखको शिलामाथि ७१ से.मी., तल ३३ से.मी. चौडाइ छ, १ मी. ९ से.मी. लामो छ। यही बेहोराको अर्को अभिलेख सोन्हखुट्टे पाटीमा पनि छ।)

४

## तुलस्याहीका नारायण मन्दिरका घण्टाको गजदल पाँडेको अभिलेख

सम्वत् १८७५ साल माघ सुदि १५ रोज ४ का दिनमा तुलस्याहिका श्री ३ स्वामिनारायेण प्रिति गरि श्रीकपर्दार भोटु पांडेले चौविस धार्नी— —का घन्टा चन्हायाको हो. बिग्रि फुटदा ७ धार्नि थपि (सं.) १८९३ साले मिति आषाढ सुदि ११ का दिन ३१ धार्निका घंट= श्रीगजदल पांडेले चन्हायाको हो ।।.।।

### भोटु पांडेको वंशवृक्ष

गणेश पाँडे (गोरखामा राज्य संस्थापक द्रव्य शाहका प्रमुख सहयोगी)

विष्णु पाँडे

विरु पाँढे

बली पाँडे

विष्णुदास पाँडे

तुलाराम पाँडे (सरस्वती) (काठमाडौं विजयका दिन वैरीले छरेको बारुदमा सल्की तलेजुमा मृत्यु)

|

जगजित पाँडे रणजित पाँडे ब्रजवासी पाँडे भोटु पाँडे (कान्छा) (अन्नपूर्णा प्रशोदा)

|

बलमञ्जन पाँडे गजदल पाँडे गरुडध्वज पाँडे